जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुर्गौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल


# घर निर्माण सम्पन्न प्रमाणपत्र लिन आउने सम्बन्धी अत्यन्त जरुरी सूचना ।

(सूचना प्रकाशित मितिः-२०८३/०५/१५)

यस गाउँपालिका क्षेत्र भित्र नक्सा पास गरी निर्माण सम्पन्न भएका भवन तथा नक्सा पास प्रक्रियामा आईसके पश्चात नियम बमोजिम प्रक्रिया पुरा गरेका भवनहरुको निर्माण सम्पन्न प्रमाणपत्र लिन छुट भएका घरधनिहरुलाई वि.सं. २०८४ साल असार मसान्त सम्म निर्माण सम्पन्न प्रमाणपत्र उपलब्ध गराउने गाउँ कार्यपालिकाको मिति २०८३/०४/२६ गते निर्णय भएको हुँदा निर्माण सम्पन्न प्रमाणपत्र लिन छुट भएका घरधनिहरुले माथि उल्लिखित अवधिभित्र तपसिल बमोजिमका कागजातहरु संलग्न गरी घर निर्माण सम्पन्नको प्रमाणपत्र लिन निवेदन पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै, नयाँ घर निर्माण गर्दा यस कार्यालयबाट अनिवार्य रुपमा घर नक्सा पास गराई इजाजत लिई मात्र निर्माण कार्य गर्न हुन सबैमा सूचित गरिन्छ । अन्यथा, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३९ को उपदफा ५ बमोजिम भई जाने व्यहोरा अनुरोध छ।

तपसिलः-

१. चालु आ.व. कर तिरेको रसिद (जग्गाको मालपोत रसिद)-१ प्रति
२. चारकिल्ला प्रमाणित (संधियारको नाम र कि.नं. सहितको)-१ प्रति
३. पास भएको घरको नक्सा -१ प्रति(A3 Size Paper)
४. घरको चारै साइडको प्रस्ट देखिने फोटो -२ प्रति
५. जग्गा धनीको फोटो -२ प्रति (PP Size)
६. प्रमाण पत्रका लागि वडाको सिफारिस-१ प्रति
७. प्रमाण पत्रका लागि निवेदन-१ प्रति
८. परामर्श दाता ईन्जिनियरिंग कन्सल्टेन्सीको प्राविधिक प्रतिवेदन

२०८३/५/१५

.......................
हिरालाल चौधरी
नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :-
श्री वडा कार्यालयहरु सबै, जानकी गाउँपालिका, कैलाली ।
श्री सूचना प्रविधि शाखा : सूचना जानकी गाउँपालिकाको website मा upload गर्न हुन ।



फोन नं. ०९१-५०००७७, ०९१-५०००७९(LEOC) Google Plus Code :H455+W3 Durgauli
E-mail: janakiruralmun@gmail.com Website: janakimunkailali.gov.np
https://www.facebook.com/janakimunkailali https://www.youtube.com/@janakimunkailali